# कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम

## कार्यक्रमको बारेमा

कृषि व्यवासाय प्रवर्द्धन कार्यक्रम एउटा त्यस्तो मंच हो, जसको लक्ष्य प्रदेश १ का  कृषि उद्यमीहरुको उद्यमशील कौशल र मानसिकता विकास गर्नु हो । यस कृषि प्रवर्द्धन कार्यक्रमले व्यवसाय प्रवर्द्धन, प्रशिक्षण, परामर्श, व्यवासायिक संजाल, तालिम, बजार को पहुँच, कृषि व्यवसाय विशेषज्ञ साथै लगानीको अवसर उपलब्ध गरि कृषि व्यवसायको वृद्धि र मापनको लागि एउटा प्याकेजनै प्रदान गर्दछ ।

कार्यक्रममा गहन शिक्षा र सल्लाहको ६ महिना सम्म लामो ३ विभिन्न चरणहरु समावेश गरिएका छन । पहिलो चरण, ८ दिनको वुटक्याम्प कार्यक्रम हुनेछ जुन एक गहन सिकाई संगै उद्यमी कौशल निर्माण र एक नयाँ उद्यम सुरुवातको लागि हुनेछ ।

बुटक्याम्प एक प्रयोगात्मक प्रयोगशालामा  आधारित शिक्षा, र बिजनेस डेभलपमेन्ट स्टार्टअप बुटक्याम्प आइडिया स्टुडियो नेपालद्वारा ओउलु युनिभर्सिटि अफ एप्लाइड साईन्स, फिनल्याण्डको समन्वयमा विकसित गरिएको हो ।

**दोस्रो चरण**, चयन भएका कृषि व्यवसाय विचारहरु ६ महिनाको व्यवसायिक प्रवर्द्धन कार्यक्रममा प्रवेश पाउनेछन । जहाँ  व्यक्तिगत परामर्श, व्यवसायिक संजाल र विभिन्न उद्योग विशेषज्ञ सत्रहरु को माध्यमबाट स्टार्टअप र उद्यमीहरुको व्यवसाय र प्राविधिक कौशलको विकासमा केन्द्रित हुनेछ ।

**तेस्रो चरण**,  ६ महिना लामो व्यवासायिक प्रवर्द्धन कार्यक्रमको अन्तिम सत्र , जहाँ कृषि विचारकहरुले प्रवर्द्धन कार्यक्रमको दौरानमा मापन भएका आफ्नो उत्पादन र सेवाहरु प्रस्तुत गर्दै डेमो डे मा व्यावसायिक लगानीको लागि आफ्नो विचार प्रस्तुत गर्नेछन् ।

### कार्यक्रमको दृष्टि

दिगो कृषि उत्पादनहरु र कृषि व्यवसाय को सेवाहरुमा नवीनता  ल्याउदै अन्तत प्रदेश १ मा उद्यमी पारिस्थितिकको तंत्रको विकास गर्नु हो ।

## यो कसका लागि हो ?

कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम दिगो कृषि उत्पादनहरु र सेवाहरुको लागि मूल्य जोड्ने नविनतम कृषि स्टार्टअपलाई लक्षित गरिरहेको छ र त्यसका क्षेत्रहरु तल उल्लेख गरिएको छ।

१. मकै

२. दुग्ध जन्य उत्पादन

३. अलैंची

४. तरकारी

## योग्यता मापदण्डः

- नवीनतम मूल्य वर्धित दिगो कृषि उत्पादनहरु र सेवाहरु हुनुपर्ने
- आफ्नो व्यवासाय वृद्धिको लागि तत्परता र अठोट भएको हुनुपर्ने
- मकै, दुग्ध, अलैंची, र तरकारी क्षेत्रमा काम गर्ने व्यक्ति वा व्यक्तिहरुको समूह हुनुपर्ने
- संस्थापक अनिवार्य रुपमा नेपाली नागरिक हुनुपर्ने
- उद्यमीर स्टार्टअप एक दर्ता कम्पनी र समावेशीकरणको राम्रो स्थितिमा हुनुपर्ने
- सम्पूर्ण कार्यक्रम को लागी समय प्रतिबद्धता प्रदान गर्न इच्छुक हुनुपर्ने

## प्रवर्द्धन कार्यक्रमबाट हुने लाभहरु

- जार,ग्राहकहरु र नयाँ विचारहरुको लागि एक्सपोजर
- कर्पोरेट नेटवर्क
- व्यापारको बारेमा गहन अनुसन्धान
- रणनीतिक मार्गदर्शन